'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान' www.namastekarnali.com

नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १७ बुधबार २६ भदौ, २०८१ 11 (Wednesday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## कोहलपुर बिरुवा प्रकरण

# नगर प्रहरीले दाम्लो काट्यो, गाईधनीले काटे बिरुवा

• नमस्ते समचारदाता

कोहलपुर, भदौ/२५





बाँकेको कोहलपुर नगरपालिका १० रामनगरमा सडकको बीच भागमा रोपिएका बिरुवा एक व्यक्तिले काटिदिएका छन् । ती व्यक्तिले सोमबार राति कोहलपुर-नेपालगन्ज सडक अन्तर्गत रामनगर क्षेत्रमा रहेका रूख काटिदिएका हुन् । वडाअध्यक्ष गौरा कुमारी अधिकारीका अनुसार रामनगरकै स्थानीय लिला भुसालले पाँच वटा समीका बिरुवा काटिदिएका हुन् । भुसाल फरार छन् । वडाध्यक्ष अधिकारीले भनिन् । १०-१२ वर्ष लगाएर हुर्काएका समीका बिरुवा कस्तो राम्रोसँग हुर्किएर झ्याङ्ग परेका थिए । पाँचटा बिरुवा काटेर सोत्तर बनाइदिएका छन्,' स्थानीयका अनुसार लिला भुसालले सडकको बीच भागका ती रुखमा गाई बाँध्ने गर्दथे । सोमबार दिउँसो नगर प्रहरीले गाईको दाम्लो काटिदिएको थियो । त्यसैको झोंकमा भुसालले सोमबार राति रुख काटिदिएको वडाध्यक्ष अधिकारीले बताइन् । 'सीसीटीभी फुटेजमा छोराले रुख काटिरहेको र आमाले घरबाट हेरिरहेको देखिन्छ,' उनले भनिन्, 'गाई बाँध्न नदिएको रिस पोखेछन् ।' उनले पाँच वटा रुख काटिएको अवस्थामा रहेको र एउटा आरीले काट्दाकाट्दै छोडेको देखिएको जानकारी दिइन् । आज बिहान नगरपालिकाका जनप्रतिनिधि, वन कार्यालयका कर्मचारी र प्रहरीहरुले रुख काटिएको स्थानको अवलोकन गरेका थिए । 'रुख काट्ने व्यक्तिको भाग्नु भयो । घरमा जाँदा उहाँ हुनुहुन्नथ्यो,' वडाध्यक्ष अधिकारीले भनिन्, 'उहाँको भाइले दाइलाई उपस्थित गराउने भन्नु भएको छ ।' कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्णप्रसाद आचार्यले पटकपटक बिरुवा काटिनु दुःखद भएको बताएका छन् ।

# अब कर्णालीमा पनि क्रिकेट मैदान

• नमस्ते समचारदाता

सुर्खेत, भदौ/२५



कर्णाली प्रदेशमा पनि क्रिकेट मैदान तयार भएको छ । यसअघि देशमा रहेका सातमध्ये एउटा पनि क्रिकेट मैदान कर्णालीमा थिएन । कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले कालुङ्चोक क्रिकेट मैदान दुई वर्षमा तयार पार्दै कर्णाली प्रदेश क्रिकेट संघलाई हस्तान्तरण गरेको छ । कालुङ्चोक कर्णालीमा निर्माण भएको पहिलो क्रिकेट मैदान हो । उक्त मैदानको बाउन्ड्री ६५ यार्ड छ, तीन कोठाको भवन बनेको छ । मैदानमा दुबो रोपिएको छ । पहिले ढुंगा र खाल्डाखुल्डीका कारण यो मैदानमा अभ्यास गर्न समेत मिल्ने अवस्था थिएन । खेलाडी राम्रो पिचमा खेल्न कर्णाली बाहिर जानुपर्ने बाध्यता थियो । खेल सञ्चालन गर्न पिचमा म्याट राख्नुपर्ने अवस्था थियो । पानी पर्दा हिलो र घाम लाग्दा धुलो हुन्थ्यो । दुई वर्ष अघि कर्णाली प्रदेश खेलकुद परिषद्ले उक्त मैदान निर्माणको काम थालेको थियो । पछिल्ला दुई वर्षमा ३५ लाख र ८५ लाख गरी कुल १ करोड २० लाख रुपैयाँमा क्रिकेट मैदान तयार भएको हो । कर्णालीले सन् २०१८ मा प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिताको दोस्रो संस्करणदेखि आफ्नो टोली बनाउँदै घरेलु प्रतियोगितामा सहभागी हुँदै आएको छ । त्यसअघि भने तत्कालीन प्रदेश नम्बर ५ (लुम्बिनी प्रदेश) बाट खेल्ने गर्थ्यो । सन् २०२१ जनवरीमा कर्णालीले मूलपानी मैदानमा गण्डकी प्रदेशलाई ५ विकेटले हराउँदै प्रधानमन्त्री कपमा पहिलो जित दर्ता गरेको थियो । उसले गतवर्ष प्रधानमन्त्री कपमा ९ मध्ये ४ खेल जितेको थियो । कर्णालीमा मैदान नहुँदा सबै खेलाडी प्रतियोगिताको समयमा मात्रै त्यहाँ पुग्ने गर्थे भने अरु समय प्रदेश बाहिर नै अभ्यास र प्रशिक्षण गर्ने गर्थे । कर्णाली क्रिकेट संघलाई मैदान हस्तान्तरण गरेसँगै अब नेपाल क्रिकेट संघ (क्यान) ले अन्य मैदानलाई दिनेसरह सेवा सुविधा यो मैदानलाई पनि दिनेछ ।

# जीर्ण बन्दै चिसापानी–सोल्टा सडक

• नमस्ते समचारदाता

कैलाली, भदौ/२५



कैलालीको कर्णाली चिसापानी सोल्टा सडक जीर्ण बन्दै गएको छ । सुदूरपश्चिमको अछाम सहित कर्णालीका आधा दर्जन जिल्ला पुग्न छोटो दूरीका रूपमा प्रयोग गरिने सोल्टा सडक जीर्ण बन्दै गएको हो । कैलालीबाट कोहलपुर हुँदै सुर्खेतको सदरमुकाम वीरेन्द्रनगर पुग्न करिब छ घण्टा लाग्छभने यो सडकबाट आधा समयमा वीरेन्द्रनगर पुग्न सकिन्छ । अछाम सदरमुकाम मङ्गलसेन पुग्न पनि यो सडकबाट झन्डै आधा दूरी कम हुन्छ । अछाम, सुर्खेत, दैलेख, कालीकोट, जुम्ला, हुम्ला, मुगुसम्म अहिले पनि छोटो मार्गको रूपमा यही सडक प्रयोग हुँदै आए पनि सडक भने जीर्ण बन्दै गएको छ । सडक जीर्ण हुँदा हिँयुलमा सास्ती खेप्नु परेको स्थानीय पार्वती शाह खड्काले बताइन् । '३० वर्षपहिलेदेखि यो सडकमा हिँडिरहेको छु', उनले भने, 'सडकको अवस्था अहिले पनि जस्ताको तस्तै छ ।' सामान्य झरीले पनि पहिरो गएर सडक अवरुद्ध हुने गरेको खड्काले बताइन् । सडक जीर्ण हुँदा जोखिम पूर्ण यात्रा गर्न बाध्य भएको गाडी चालक दीपक भण्डारीले बताए । चिसापानीबाट सुर्खेतको गुटु, बाबियाचौरसम्म गाडी चलाउने गरेको बताउँदै उनले भने 'सानोतिना अवरोध हटाएर गाडी सञ्चालन गर्दै आएका छौं । पैदन यात्रीलाई पनि सास्ती हुने गरेको छ ।' प्रत्येक वर्ष बजेट विनियोजन भए पनि प्रभावकारी काम नभएपछि जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । स्थानीय सरकारलाई पटकपटक सडक स्तरोन्नति गर्न माग गरे पनि सुनुवाइ नभएपछि दबाबसँगै श्रमदानमार्फत सडक स्तरोन्नति गर्ने उद्देश्यले 'चिसापानी सोल्टा सडक मर्मत अभियान' सञ्चालन गरिएको छ । शनिबारदेखि सुरु भएको अभियानमा सयौं स्थानीयले सडकमा ढुङ्गा मिलाउने, पहिरो आएको स्थानमा पहिरो हटाउने, जेसिभीको प्रयोग गर्दै साँघुरो ठाउँलाई खुल्ला गराउनेलगायत काम गरिरहेका एमालेका युवानेता वीरेन्द्रबहादुर रावलले बताए । 'सडक स्तरोन्नतिको दबाब दिन अभियान थालेका छौं । यसमा स्थानीयले पनि साथ दिनुभएको छ, अभियानका क्रममा सडक सुधार भइरहेको छ ।' सडक सुधारका लागि जिल्ला समन्वय समितिका प्रमुख सूर्यबहादुर थापाले जेसिभी उपलब्ध गराएका छन् । पहिलो चरणमा कुइनेसम्मको सात किलोमिटर सडक सुधार गर्ने योजना रहेको उनले बताए । सडक जीर्ण हुँदा दुर्घटनाको जोखिम बढेकाले जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यताको अन्त्य गर्न जनश्रमदानमार्फत सडक मर्मत गर्न लागिएको उनको भनाइ छ ।

# बाँकेमा भेटिए जापानिज इन्सेफ्लाइटिसका बिरामी

• नमस्ते समचारदाता

बाँके, भदौ/२५



बाँकेको नरैनापुर गाउँपालिकामा जापानिज इन्सेफ्लाइटिसको बिरामी फेला परेका छन् । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख अङ्गदबहादुर शाहीले भेरी अस्पतालमा भर्ना भएकी नरैनापुर - १ मतहनियाका ९ वर्षीया बालिकामा जापनिज इन्सेफ्लाइटिस भएको पुष्टि भएको बताए । एक सातासम्म 'आईसीयू'मा ती बालिकाको उपचार भएको र अहिले ती बालिकाको अवस्था सामान्य रहेको अस्पतालकी बालरोग विशेषज्ञ डा. प्रतिमा खड्काले जानकरी दिइन् । जापानिज इन्सेफ्लाइटिसबाट जोगिन जन्मेको १२ देखि २३ महिनाभित्र खोप लगाइसक्नुपर्ने बताइन्छ । ती बालिकालाई जापानी इन्सेफ्लाइटिस विरुद्धको खोप लगाएको वा नलगाएकोबारे थाहा हुन नसकेको शाहीले बताए । चिकित्सकका अनुसार सुँगुर र चरामा जापनिज इन्सेफ्लाइटिसका भाइरस हुन्छन् । ती जनावरलाई टोकेको क्युलेक्स नाम गरेको लामखुट्टेले मानिसलाई टोकेपछि सङ्क्रमण गराउँछ । यो भाइरसले मुख्यतया मस्तिष्कमा असर पार्छ । जापनिज इन्सेफ्लाइटिस भइसकेपछि ज्वरो आउने, टाउको दुख्ने, जिउ काम्ने र बान्ता लागेजस्तो लक्षण देखापर्ने भेरी अस्पतालका सूचना अधिकारी डा.संकेतकुमार रिसालले बताए । यसैबीच भेरी अस्पतालमा झाडाबान्ताका बिरामीका लागि अलग वार्ड स्थापना गरेर उपचारको व्यवस्था गरिएको छ । डा.खड्काका अनुसार यस्ता वार्डमा तीनजना बालबालिकाको उपचार भइरहेको छ । तीमध्ये एकजनाको अवस्था गम्भीर रहेको बताइएको छ ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

हिमाली गाउँपालिका धुलाचौर,बाजुरा

नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903

# नेपाली राजनीतिको अबको गन्तव्य



टंक कार्की

लोकतन्त्र र राष्ट्रियता दुवैलाई एकैचोटि खँदिलो बनाउनु भनेको एउटै ढुंगाले दुइटा चरा मार्नु जस्तो हो । यसको निम्ति कला र निष्ठा दुवै चाहिन्छ । यसमा कतै हामी विचलित भईरहेका त छैनौं ? अहिले हामी संक्रमणको अर्को नयाँ दौरबाट छिट्छिटो गुज्रिइरहेका छौं । लोकतान्त्रिक गणतन्त्रको अर्को उपचरणको संक्रमण भनेपनि हुन्छ । संक्रमणको प्रक्रियाले विश्राम लिनुअघि नानाभाँतीका यस्ता उपचरण हुन्छन् नै । यसमा माथिल्लो नेतृत्व नेतृत्वदायी तहबाट पन्छिदै छ र तिनको ठाउँमा नयाँले भर्दैछन् । त्यसको निम्ति अब धेरै कुर्नु नपर्ने छाँट देखिँदैछ । राम्रो पनि हुन्छ, सुरक्षित अवतरण गर्नु । नेकपा(एमाले) अध्यक्ष केपी ओलीले त सरकारको लगाम यसउता न समात्ने भनेर सार्वजनिक रुपमै उद्घोष गरीसकेका छन् । संभवतः पार्टी नेतृत्वको लगाम पनि छाड्नु होला । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा (एकीकृत समाजावादी)का अध्यक्ष माधव नेपालले पनि विचरण गर्ने राजमार्ग यहि हो । एकैचोटि जस्तो मूलधारका सबै जसो नेताहरुको यो आसन्न बहिर्गमन दुर्लभ संयोग जस्तो लागेपनि भित्रभित्रै निर्माण भएको परिस्थितिको दबाब पनि हो । एक त उहाँहरुको उमेर र स्वास्थ्यले सक्रिय नेतृत्वको निम्ति समर्थन गर्दैन । अर्को उहाँहरुले नेतृत्वको निम्ति पर्याप्त समय लिईसक्नु भएको छ । पुरानो शासनसँगको अन्तर्विरोधमा उहाँहरु राजनीतिमा सक्रिय रहनुभयो र लोकतान्त्रिक संक्रमणकालको झन्डै दुईदशक नेतृत्व सम्हाल्नु भयो । त्यो कालखण्ड निर्माण र विकासको यो नयाँ संक्रमणकालमा नेतृत्वको ढाँचा र गुणवत्तामा तात्विक भिन्नता आउनु र आर्थिक सामाजिक विकासको ढाँचा र प्राथमिकतामा आमूल सुधार गर्नुपर्ने परिस्थितिको माग छ । भनी रहनु परोईन, अहिले जनतामा असन्तुष्टि रहेको सत्य हो, कुण्ठा होईन । परिवर्तन/विकास/सुधार सोचेजस्तो ह्वात्तै गर्न न सकिनेमा जनता अबुझ रहेका पनि होइनन् किनभने हाम्रो सामर्थ्यका सीमा उनीहरु पनि बुझ्दछन् । तर आफ्नो बुताभित्र भएको जत्तिपनि उपलब्धी हुन सकेन, गर्नुपर्नेहरु यस विषयमा उदासिन रहे या आफ्नो धून अर्कैतिर रहेको हुँदा त्यसलाई प्राथमिकतामा राख्न सकेनन् । भुईं तहका मानिसहरु आफूलाई हस्तक्षेपको घेराभन्दा बाहिर ठान्ने र आजित भएर पलायन हुने । त्यसो भएपछि हाम्रो हालत के होला ? जनतामा असन्तुष्टिको जड यो हो । मरेको घोडालाई चाबुक हिर्काएर दौडाउन खोज्नुहुन्न । बरु किन यस्तो भयो र यस 'दुःखको निरोध' के हो ? यो खोट्याउनु जरूरी छ । जनतालाई सार्वभौमसत्तासम्पन्न मानेर संविधानसभा जस्तो लोकतान्त्रिक अभ्यासबाट' सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था' स्थापित गरिएको पनि हो । प्रणाली लोकतान्त्रिक हुँदाहुँदै पनि किन अपेक्षित उपलब्धी हासिल हुन सकेन ? प्रतिगमनका शक्तिहरुले भनेको जस्तो उक्त शासन व्यस्थाको दोष हो ? उनीहरुले लुकाएको ढुंङ्गो बुझ्न सकिन्छ । तर व्यवस्थाको आंगिक संरचनामा कमी रहेकै हुन् । विकसित दुनियाँ, द्रुत रफ्तारका उदीयमान छिमेकी र आफ्नो भने 'अल्प विकसित मुलुक'को औकातका सामुन्ने हामीले उपयुक्त फारुतिनो संरचना बनाउनु पर्नेमा हामी महंगा, भीमकाय भड्किला र तलबी संरचना बनाउन पुग्यौं -मानौं लोकतन्त्रको मानक नै यहि हो । दुई सदनात्मक व्यवस्था हामीलाई किन



चाहियो, यति ठूलो प्रतिनिधिसभा किन चाहियो ? यतिका प्रादेशिक संरचना किन चाहियो ? पञ्चायती शासनले त नभित्र्याएको तलबी, त्यति भारी स्थानीय तह किन चाहियो ? यो लोकतन्त्रललाई खँदिलो बनाउने उद्दात्त भावनाले हुँदै होइन । प्रतिनिधित्वको संरचनामा पनि हाम्रो सामूदायिक वर्गीय बनौटको उपस्थिति के कस्तो भईरहेको छ ? लोकतत्रलाई पूर्णता दिने हो भने हाम्रा सामाजिक विविधताका सारा शक्तिलाई लोकतान्त्रिक प्रक्रियाको मूलप्रवाहमा यथोचित सहभागी बनाउनु पनि हो । लोकतन्त्र र राष्ट्रियता दुवैलाई एकै चोटि खँदिलो बनाउनु भनेको एउटै ढुंगाले दुइटा चरा मार्नु जस्तो हो । यसको निम्ति कला र निष्ठा दुवै चाहिन्छ । यसमा कतै हामी विचलित भई रहेका त छैनौं ? ऐनामा हामीले हेर्नुपर्ने भएको छ । राष्ट्रिय सभा र सामानुपातिक प्रतिनिधित्वको व्यवस्थाको जसरी हुर्मत लिइएको छ, त्यतिकै प्रयोजनको निम्ति हो भने ती किन चाहियो ?

यस्ता विसंगत संरचना कसरी बन्न पुगे ? यो दुई कारणले हुन सक्छ :

१. लोकतान्त्रिक हुने र समर्थन खोज्ने नाउँमा आफ्नो आवश्यकता र यथार्थलाई टेकेर भन्दा अरुको नक्कल गर्नमा हौसिएर संरचना निर्माण गर्यौं ।

२. जनतालाई विचार, कार्यक्रम र कार्यसम्पादनबाट होइन सत्ताको बल्छीमा चारो हालेर अल्झाउने रणनीतिक प्रयोजनको निम्ति बनायौं ।

किन ? किनभने :

क) दलीय प्रतिद्वन्दितालाई आफ्नो पक्षमा पार्ने रणनीतिक हतियारको रुपमा प्रयोग गर्न सकिन्छ भन्ठानेर । त्यस्तो संरचनामा कार्यकतालाई फुली बाढ्ने फराकिलो आधार प्राप्त हुन्छ ।

ख) दलभित्र केन्द्रीकृत सत्तालाई मजबुत बनाउन रणनीतिक हतियारको रुपमा प्रयोग गर्न सकिन्छ । यस्ता संरचनाले निर्णय प्रक्रियालाई फराकिलो र लोकतान्त्रिक होइन, संकुचित र केन्द्रीकृत गर्छन् ।

ग) यस्ता संरचनामा 'एक्टर'हरुलाई संस्थामा होइन छाँया संरचनामा बसेर निर्णय सिन्धु कोर्न सजिलो भावभूमि तयार हुन्छ । अक्सर गरेर पराईलाई आफ्ना हित साँध्न खुँदो पल्टिन्छ । यी सबको योगफल चाहिँ के हो भने तिनले दल बनाउने होइन, बन्दै गरेको दललाई पनि पन्थ संरचनामा (कल्ट स्ट्रक्चर)मा रुपान्तर गर्दछन् । यसरी संरचना र संस्थाको प्रारुप तर्जुमा गर्दै राष्ट्रको अपेक्षा र संकल्पमा संगति राख्न सकिएन । 'स्वच्छ शासन'को आधार त्यहिँ भत्किएको हो । हुँदा-हुँदा राष्ट्रमा यस्तो राजनीतिक, संस्कार हुर्कियो ।

१. सत्ताको केन्द्रीयकरण : समालोचनात्मक चेत भएको शक्तिको निर्माण वा प्रवर्द्धन गरेर होइन आफूमा सम्पूर्ण समर्पण भएका अनुचरलाई जुठोपुरो चटाएरै सुरक्षित हुन खोज्ने सत्ता । यस्ता संरचनामा नेतृत्व निर्बन्ध हुन्छ । तिनको वाणी र व्यवहारमा तिनको आफ्नै संस्था, सामाजिक मिसन देखिने, बोलिने र सुनिने हुँदैन र कतिपय अवसरमा त नेताहरुको जुहारीमा सामान्य मर्यादाको अनुपालन पनि हुँदैन ।

२. अन्धभक्त अनुचर : सत्ताको खुसामद गर्ने र आफ्नो दुनो सोझ्याउने अनुचर । यस्तोमा नेतृत्व जगत्गुरू हुने र अनुचर झिल्के न भए के हुन्छ ? आफैंभित्र यस्ता मूल्यमा वशिभूत शक्तिमा राष्ट्रको सपना र संकल्प, त्यसलाई मूर्तरुप दिने अठोट र निष्ठा कति हुँदो हो ? यसरी दल विशेष हुँदै राष्ट्रमा सञ्चार हुन पुगेको अन्तर्विरोध यो पनि हो । हाम्रो यस दुर्मतिले यसै दुःख त पाईएकै छ । त्यसलाई पर्गेलेर बसेका शक्तिले आफ्नो स्वार्थको घाउमा चुक दलेर पनि हामीले दुःख पाएका छौं । यतिका दिनसम्मका अनुभवले बताउँछन्, नेतृत्व विशेषका दोषलाई औंल्याएर गरिएका छुट्टै प्रयासले पनि कुनै आसलाग्दो सकरात्मक परिणाम दिन सकेनन् - बोतल नयाँ, रक्सी काटीकुटी पुरानै । दुःखका कारणको सटिक विश्लेषण र समीक्षा नगरी हचुवाको भरमा फर्माइने उपचार अनुपचार जत्तिकै आत्घाती हुन सक्छ, भएका छन् । हामी कहाँ संस्थापनइतर रहेर परिवर्तनको निम्ति गरिएका पछिल्ला प्रयासमा, 'झापाली' र प्रारम्भिक माओवादीले आशा जगाएकै हुन् बाटो र तरिकामा विरोध र भिन्नता राख्दा राख्दै तिनको स्पिरिट र इमानलाई विपक्षी समेतले सम्मान गरेका हुन् । पछि गएर तिनैमा पनि विचलन आएकै हो । राम्रो पक्ष सिक्ने र विचलन आउन नदिने कसरी ? नीतिगत, संरचनात्मक नियन्त्रणका उपचार के ? अहिले हाम्रो सामाजिक सञ्जाल आक्रोश र छट्पटीमा लत्पतिएको छ, मानौं हामी 'आक्रोसको युग'मा जिईरहेका छौं । थोरै प्रायोजित होला तर सबै नै तिनको करामत भन्नु जायज हुँदैन । सत्ताको लुछाचुँडिमा राजनीतिक अस्थिरता आएकै हो । त्यसलाई साध्य बनाए पछि हुने त विचार र चरित्रको विनिर्माण न हो जो आजको हाम्रो कटु यथार्थ हो । यसबाट पिण्ड छुट्याउने नाममा राजतन्त्रमा फर्किने या सन्तुलन र नियन्त्रणका भरपर्दा आधार र संस्कृति नै नभएको वर्तमान अवस्थामा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख जस्तो अर्को झन केन्द्रिकृत ढाँचा फर्माइस गर्नु भनेको अर्को अति हो र अतिले खती गर्छ । आजका चुनौती सामना गर्न सामूहिक संज्ञान र बुद्धिमत्ताको संस्थागत अधिकतम प्रयोग गर्ने सामूहिक नेतृत्वको विकल्प छैन । यसबीचको अभ्यास त झन्डैजसो पन्थ संरचनाको जस्तै भयो । करिश्मामा चल्ने केन्द्रिकृत नेतृत्व नयाँ चुनौति सामना गर्न सक्दैनपनि । बीपीले पार्टी नेतृत्व 'त्रय नेतृत्व'मा हस्तान्तरण गर्ने बेलामा यो अप्ठ्यारोलाई बुझेरै गरेको हुनुपर्छ । अघिल्लो अभ्यास भनेको माथिबाट तल झर्ने अभ्यास हो । लोकतन्त्रले नेतृत्वलाई वारिस र निर्णय प्रक्रियालाई संस्थागत र जन उत्तरदायी बनाउन चाहन्छ । यसर्थ टाउकाले टेकेको हिजोको अभ्यासलाई खुट्टाले टेक्ने बनाउँनु नयाँ हाँक हो । नयाँहरुले पुरानोको उक्त सांस्कृतिक विरासतमा टेकेर होइन, बरु सुरुमै यस नयाँ संस्थागत संरचनालाई स्विकारेर मात्रै अपेक्षित नेतृत्व दिन सक्ने छन् । लोकतान्त्रिक ढाँचामा भविष्य देख्नेहरुको निम्ति त्यसले मात्रै तदर्थवाद, अस्थिरता, 'कुशासन', बेसुरको प्रतिद्वन्द्विता, बेतालको मेलमिलाप र नेतृत्व प्रणालीको सामाजिक असन्तुलनलाई सम्बोधन गर्दै समृद्धी र विकासको राष्ट्रिय सपना साकार गर्न सक्ने छ । त्यसले मात्रै लोकतन्त्र समाजवाद र राष्ट्रिय हितको जगेर्ना गर्नसक्छ । त्यसले मात्रै अन्तर्राष्ट्रिय - राष्ट्रिय समुदायबीच नेपाललाई शान्तिकामी, असंलग्न र तटस्थ तथा आफ्ना छिमेकी तथा मित्र राष्ट्रहरुबीच एक असल, जिम्मेवार र शालिन राष्ट्रको छवि प्रतिस्थापित गर्न सक्नेछ । त्यसले मात्रै राजनीतिलाई लिकमा दोहोऱ्याउने छ । मागेको नयाँ विषय जोड्नु जरुरी छ । यो काम भएकै संरचनाभित्र वा त्योभन्दा बाहिर रहेर खोजिने उपचार दुवैमा काम लाग्छ ।

*-कान्तिपुर*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मिमा, मुगु

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

# १६ वर्षमा १८ लाखलाई उडाएर बिदा भयो बुद्धको एटीआर

• नमस्ते समचारदाता
काठमाडौं, भदौ/२५



नेपालमा १६ वर्ष उडेपछि बुद्ध एयरको एक जहाजले व्यावसायिक उडानबाट सधैका लागि बिदा लिएको छ। एटीआर ४२ (नाइन एन एआईएन) जहाज मंगलबार बिहान अन्तिम माउन्टेन फ्लाइटपछि 'ह्याङ्गर'मा पुगेको हो । नेपाली आकाशमा सन् २००८ सेप्टेम्बर १७ मा माउन्टेन फ्लाइटबाटै व्यावसायिक उडान सुरु गरेको जहाजले मंगलबार बिहान पनि आफ्नो अन्तिम उडानका रूपमा 'माउन्टेन फ्लाइट' गरेको थियो । बुद्ध एयरका कर्मचारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'वाट स्यालुट'सहित विदाई गरेका थिए । ७० हजार उडान साइकलपछि एटीआर ४२-३२० नाइन एन-एआईएन विमानको बिदाइ गरिएको हो । नेपालमा मात्र यसले ४० हजार उडान साइकल गरेको छ । ४७ सिट क्षमताको यो विमान १९९७ डिसेम्बर २८ देखि उड्न थालेको थियो । बुद्ध एयरका प्राविधिक निर्देशक मंगेश थापाले बुद्ध एयर ले एटीआर ४२ (नाइन एन-एआईएन) विमान सन् २००८ सेप्टेम्बरमा नेपालमा ल्याएको बताए । उनले सन् १९९५मा बनेको विमान नेपालमा ल्याउनु भन्दा पहिला १३ वर्ष प्रयोग भइसकेको भए पनि नेपालमा ल्याएर १६ वर्ष सेवामा लगाईएको बताए । उनले नेपालमा एटीआर मर्मतको अनुभव थिएन तर यो विमानले सिकाएको उनले बताएका छन्। थापाले विमान दुई किसिमले विदाई हुने बताए । पहिलो विमान उत्पादकले दिएको साइकल र विमान सञ्चालकहरुले आर्थिक रुपमा संञ्चालन गर्न नसक्दा विमान विदाई हुने उनले बताएका छन् । बुद्ध एयरमार्फत नेपाली आकाशमा ४० हजार टेकअफ ल्याण्ड गर्दै १८ लाख यात्रुलाई सेवा दिएको बुद्ध एयरले जनाएको छ । एक टेकअफ र ल्याण्डिङ बराबर एक उडान उत्पादक कम्पनीले उत्पादन गरेकोमध्ये पूरा समय ७० हजार उडान साइकलपछि बिदाइ हुने नाइन एन-एआईएन पहिलो विमान भएको बुद्ध एयरले जनाएको छ। अब उडान अवधि सकेर 'ह्याङ्गर'मा फर्किएको यो जहाज कहिल्यै पनि उडानमा फर्किने छैन् । बुद्धका प्राविधिक निर्देशक थापाका अनुशार यो जहाजका पार्टपुर्जाहरु झिकेर नागरिक उड्डयन प्राधिकरणको फायर फाइटर डिपार्टमेन्टमा दिइनेछ । त्यहाँ जहाज फायर फाइटर तथा रेस्क्यू तथा अन्य विभिन्न अध्ययन अनुसन्धानमा प्रयोग गर्नका लागि बुद्धका सामानहरु सदुपयोग हुनेछन् । यो एटीआर ४२ ट्विन टर्बोप्रप छोटो दूरीको क्षेत्रीय विमान हो । जुन फ्रान्स र इटालीको संयुक्त कम्पनी फ्रान्सेली एयरोस्पेस कम्पनी अहिलेको एयरबसले विकसित गरी निर्माण गरेको हो । यसको नाममा रहेको नम्बर "४२" यात्रु बोक्ने कन्फिगरेसनमा विमानको मानक सिट कन्फिगरेसनबाट लिइएको हो। जसले सामान्यतया ४० देखि ५२ जना यात्रुहरूहरुको भार वहन गर्न सक्ने फ्लाइट टेराले उल्लेख गरेको छ। आजभन्दा २९ वर्ष अघि १९९५ अगष्टमा यसले पहिलो उडान भरेको थियो। बुद्ध एयरले खरिद गर्नुअघि एटीआर ४२ (नाइन एन एआईएन)ले फ्रान्सको आन्तरिक उडानका रुपमा एयर क्यालेडोनीबाट उडान भरेको थियो। गएको असारमा मात्रै निजी वायुसेवा कम्पनी बुद्ध एयरले १८औं एटीआर विमान भित्र्याएको थियो । नयाँ विमान ७२ सिट क्षमतायुक्त एटीआर ७२-५०० सिरिजको हो । यो एटीआर-७२ सिरिजको विमान संख्या बुद्धसँग १५ थान छन् । बुद्धले यो विमान फ्रान्सको टुलुसबाट ल्याइएको हो । बुद्धसँग ४७ सिट क्षमताका अझै २ थान एटीआर४२-३२० र १५ थान एटीआर ७२-५०० सिरिजका विमान छन् । बुद्धले आन्तरिकतर्फ दैनिक १५० भन्दा बढीको हाराहारीमा उडान गरिरहेको छ ।

# लैंगिक समानताका लागि कानुनी आधार तयारः मुख्यमन्त्री आचार्य

• नमस्ते समचारदाता
दाङ, भदौ/२५



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लैंगिक समानताका लागि कानुनी आधार निर्माण गरेर कार्यान्वयनको चरणमा पुगेको बताएका छन् । हरितालिका तीजको शुभकामना व्यक्त गर्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारले २०८० पुस ६ गते लुम्बिनी प्रदेश लैंगिक समानता नीति-२०८० स्वीकृत गरिसकेको जानकारी समेत दिएका हुन्। उनले अब प्रदेश तहको विकास र शासनलाई लैंगिक उत्तरदायी बनाउने, महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, लैंगिकताका आधारमा हुने सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गर्ने, महिलाको आर्थिक, सामाजिक सशक्तीकरण गर्नेगरी नीति निर्माण गरेर अघि बढ्ने बताएका हुन् । हरितालिका तीज पर्वले धार्मिक तथा सांस्कृतिक महत्व बोकेको शुभकामना सन्देशमा उल्लेख छ । समाजमा भ्रातृत्व, सदाचार, एकता र सामाजिक सद्भाव कायम गर्न पर्वले महत्त्वपूर्ण भूमिका निभाएको, यस पर्वमा महिलाहरूले आफ्नो दुःख, पीडा र खुसीहरू साझा गर्ने हुँदा यसले सामूहिकता र आत्मबलसमेत बढाउने विश्वास लिएका छन् । 'तीज हाम्रो संस्कृति, परम्परा र धार्मिक आस्थाको अतुलनीय पर्व हो। जसले समाजमा महिला सशक्तीकरणको सन्देश बोकेको छ' शुभकामना सन्देशमा भनिएको छ,'यो पर्वले महिलाको क्षमता, योग्यतालाई सम्मानित गर्दै हकअधिकार र स्वतन्त्रताको बारेमा समाजलाई जागरुक बनाउने काम गर्दछ। तीज पर्वले समाजमा विद्यमान लैंगिक विभेद, जातीय विभेदलगायत सबै प्रकारका असमानताहरूको अन्त्य गर्दै समतामूलक समाजको निर्माणतर्फ अग्रसर हुन प्रेरित गर्ने विश्वास लिएको छु।' कला संस्कृतिलाई जगेर्ना गर्दै आगामी पुस्तालाई हस्तान्तरण गर्न यस्ता मौलिक चाडको गरिमालाई सम्मानजनक बनाइराख्नु अति आवश्यक रहेको मुख्यमन्त्री आचार्यको भनाई छ।

## हिमाली गाउँपालीका
## गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर,बाजुरा

**सार्वजनिक सुनुवाई तथा बार्षिक समिक्षा कार्यक्रम हुने सम्बन्धी सुचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट गत आ.व. ०८०/०८१ मा संचालन भएका योजना, कार्यक्रमका सम्बन्धमा सुझाव, गुनासो तथा अन्य समसामयिक विषयवस्तुको बारेमा तपशिल मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई तथा बार्षिक समिक्षा कार्यक्रमको आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा उपस्थित भइदिनुहुन गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, सबै वडाध्यक्षज्यूहरु, सार्वजनिक सेवा प्रवाह गर्ने विषयगत कार्यालयका प्रमुखहरु, स्थानीय सुरक्षा निकायका प्रमुखहरु, गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु तथा ब्यापारी उद्यमीहरु, युवा क्लव/बाल क्लव / आमा समुहहरु/कृषि समूहहरु/सहकारी संस्थाहरु/महिला मंच/टोल विकास समिति/दलित संजाल/अपांग तथा बालबालिका जेष्ठ नागरिक संजाल, सामुदायिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरु, शिक्षण संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकारसाथीहरु लगायत सम्पूर्ण गाउँवासी तथा अन्य सरोकारवाला निकायहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :
मिति : २०८१ भाद्र २८ गते शुक्रबार ।
समय : बिहान १० बजे ।
स्थान : हिमाली गाउँपालिकाको कार्यालय धुलाचौर बाजुरा ।

प्रमुख प्रशासकीय अधिकृत

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार



रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# क्यानडा जाने नेपाली टोलीलाई गरियो बिदाइ

• नमस्ते समचारदाता
काठमाडौं, भदौ/२५



आगामी १६ सेप्टम्बरबाट क्यानडामा हुने त्रिकोणात्मक टी-२० सिरिजका लागि राष्ट्रिय क्रिकेट टिमको बिदाइ गरिएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली टोलीका सदस्य र व्यवस्थापकलाई एक कार्यक्रम आयोजना गर्दै बिदाइ गरेको हो। उक्त अवसरमा नेपाली टोलीका प्रशिक्षक मोन्टी देशाइले यो सिरिजमा पनि बलिया र महत्त्वपूर्ण टोलीहरूसँगको प्रतिस्पर्धा भएकाले प्रतियोगिता प्रतिस्पर्धात्मक हुने बताएका छन्। उनले आफ्नोतर्फबाट टिमले जितका लागि बलियो भएर प्रतिस्पर्धा गर्ने बताए। सबैको सहयोग र समर्थनका लागि उनले धन्यवादसमेत दिएका थिए।

लिग- २ मा नेपालले पहिलो खेल सेप्टेम्बर १६ र २२ मा क्यानडासँग खेल्ने छ। त्यस्तै, नेपालले सेप्टेम्बर १८ र २४ मा ओमानसँग खेल्ने छ। लिग- २ पछि नेपाल, ओमान र क्यानडाबीच त्रिकोणात्मक टी-२० आई सिरिज पनि खेल्ने कार्यतालिका रहेको छ । त्रिकोणात्मक टी-२० सिरिजमा नेपालले २८ सेप्टेम्बर र १ अक्टोबरमा क्यानडासँग खेल्ने कार्यतालिका रहेको छ। २९ सेप्टेम्बर र २ अक्टोबरमा ओमानसँग खेल्ने छ । ८ टोली सहभागी लिग- २ आगामी २०२७ सम्म चल्नेछ। शीर्ष चार टोलीले सोझै विश्वकप छनोट खेल्न पाउने छन्। नेपाल, नामिबिया र नेदरल्यान्ड्सबीच गत फेब्रुअरीमा लिग २ त्रिकोणात्मक सिरिज भएको थियो । नेपाल नामिबियासँग दुवै खेलमा पराजित हुँदा नेदरल्यान्ड्समाथि एक खेलमा जित र एक खेलमा हार व्यहोरेको थियो। नेपाल ४ खेलमा २ अंकका साथ दोस्रो स्थानमा छ। **यस्तो छ नेपाली टोलीः** रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, अनिल शाह, भीम सार्की, आरिफ शेख, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, अर्जुन साउद, सोमपाल कामी, करण केसी, गुलशनकुमार झा, रिजन ढकाल, सन्दीप लामिछाने, ललित राजवंशी र देव खनाल (ट्राभलिङ रिजर्भ)

# सिमकोट–हिल्सा सडक अवरुद्ध



• नमस्ते समचारदाता
हुम्ला, भदौ/२५

सिमकोट हिल्सा सडक जवुकामा अवरुद्ध भएको छ। रातभर भएको वर्षासँगै माथिबाट खसेको ढुंगाले सडक अवरुद्ध बनाएको हो। सिमकोट गाउँपालिका- ७ को जवुकामा माथिबाट खसेको पहिरो र ठुल्ठूला ढुंगाले सडक अवरुद्ध भएको प्रहरी निरीक्षक नरेन्द्र चन्दले बताए । सडक अवरुद्ध भएपछि आइतबारबाट सिमकोट हिल्सा सडकमा यातायात सेवा बन्द हुँदै आएका छन्। उनले दैनिक राति पानी पर्ने भएकाले सडकमा पहिरो गइरहने र जवुकाको सडकमा ठुल्ठूला ढुंगासमेत खसेकाले स्काभेटर प्रयोग नगरी सडक सुचारु हुन नसक्ने बताए। सडक अवरुद्ध भए पनि सिमकोटबाट हिल्सातर्फ यातायातका साधन सुचारु भएका छैनन् भने हिल्साबाट सिमकोटतर्फ आउने गाडी पनि जवुकासम्म मात्र आउने गरेका छन् । अवरुद्ध सडकलाई हिल्सा-सिमकोट सडक आयोजनाले मर्मत नगरेसम्म सुचारु हुने अवस्था छैन। आयोजनाले भने अबरुद्ध सडक सुचारु गर्ने प्रयास भइरहेको बताएको छ।

# बाँकेमा लागुऔषधसहित दुईजना पक्राउ

• नमस्ते समचारदाता
बाँके, भदौ/२५

बाँकेको छुट्टाछुट्टै स्थानबाट लागुऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। बाँकेको बैजानाथ गाउँपालिका-७ बस्ने २४ वर्षीय सरोज कुमार चौधरीलाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ सय मिलिग्राम सहित इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।यसैगरी बाँके, नेपालगंज उपमहानगरपालिका-१४ चौलिका चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ७ सय ८० मिलिग्राम सहित सोही ठाउँ बस्ने २२ वर्षीय मेराज शेषलाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय हिरमिनियाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । उक्त सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सोरु गाउँपालिका
मुगु

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरै अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके